☎०४१ ४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा

प.स :- २०७५।०७६
च.न :- ६११

मिति :-२०७५/१२/१९

विषय :- योजना। तथा कार्यक्रम संचालन सम्वन्धमा।

**श्री सवै वडा कार्यालयहरु(१-११)**
**मिथिला नगरपालिका।**

उपरोक्त सम्वन्धमा यस नगरपालिकाको दोस्रो नगर सभा, तेस्रो नगर सभा (हिउदे अधिवेशन) र विशेष नगर सभा समेतबाट स्वीकृत भएका (संशोधन एवं परिमार्जन समेत) चालु आर्थिक वर्ष २०७५।०७६ को वडास्तरीय/नगरस्तरीय र अन्य निकाय/कार्यालयबाट प्राप्त बजेट तथा कार्यक्रमका योजनाहरु हाल सम्म पनि तोकिएको अवधि भित्र संचालन हुन सकेका छैनन्। कतिपय योजनाहरु समयमा विधि निर्धारण गरी संचालन प्रक्रिया अगाडी नबढाउने हो भने यो आर्थिक वर्ष भित्र तोकिएका कार्य सम्पन्न कठिनाई भई तोकिएका लक्ष पुरा नभई भौतिक प्रगतिमा कमी हुनेछ।

तसर्थ समयमा नै योजना सम्पन्न गर्नु पर्ने भएकोले सकभर ३ दिन भित्र के कुन योजना कुन विधिबाट सम्पन्न गर्ने हो विधि तोकी(जस्तैः सिधै खरिद/दरभाउपत्रबाट खरिद/शिलबन्दी दरभाउपत्रबाट खरिद/उपभोक्ता संचालन गर्ने वा बोलपत्रको माध्यमबाट खरिद) समय मिलाई तोकिएका प्राविधिक कर्मचारीहरुबाट विहान बेलुका समेत समय मिलाई स्टीमेट/ड्रोईङ डिजाईन र मूल्यांकन गर्ने काम गराई २०७५ चैत्र महिना भित्र नै सबै योजना सम्झौता गर्नु गराउन हुनका साथै खरिद प्रक्रिया अगाडी बढाउने कार्यको लागि सहयोग गर्नु हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री नगर प्रमुखज्यूको कार्यकक्ष
श्री उप-प्रमुखज्यूको कार्यकक्ष
श्री कार्यपालिका सदस्यज्यहरु(३)
श्री सवै विषयत शााखा (शिक्षा/स्वास्थ्य/कृषि/पशु सेवा/महिला तथा वालवालिका): सशर्त तर्फका र विषयगत भित्र पर्ने स्वीकृत नगरस्तरीय योजना हेरी बजेट फिज नहुने गरी समयमा नै कार्यक्रम सम्पन्न गर्नु गराउन हुन।
श्री योजना शाखा : नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम र सशर्त तर्फका कार्यक्रम हेरी सबै योजना संचालन प्रक्रिया अगाडी बढाउन हुन।
श्री प्राविधिक शाखा : नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम र सशर्त तर्फका कार्यक्रम हेरी सबै योजना संचालन प्रक्रिया अगाडी बढाउन हुन।
श्री आर्थिक प्रशासन शाखा : अख्तियारी हेरी सबै योजना तथा कार्यक्रमबारे सबै शाखालाई जानकारी गराउन हुन।
श्री सामाजिक विकास शाखा : तोकिएका कार्यक्रम सम्पन्न गर्नु हुन।
श्री सहकारी विकास शाखा : तोकिएका कार्यक्रमहरु हेरी कार्यक्रम भए संचालन गर्नु हुन।
श्री कर्मचारी प्रशासन शाखाः जानकारीको लागि।
सूचना प्रविधि अधिकृत/क.अ.श्री संजिव प्रसाद घिमिरे : वेवसाईटमा अपलोड गर्नु हुन।